## बैठक संख्या (८)

आज मिति २०८२/११/२९ गतेका दिन यस शिवनाथ गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक कार्यपालिकाका अध्यक्ष श्री कर्ण सिह साउदज्यूको अध्यक्षतामा बैठक बसी तपसिलको उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु गरियो ।

**उपस्थितीः-**

(गाउँपालिका अध्यक्ष) श्री कर्ण सिह साउद

(गाउँपालिका उपाध्यक्ष) श्री सकुन्तला साउद

(वडा अध्यक्ष) श्री बलदेव सिह चाड

(वडा अध्यक्ष) श्री सुरेन्द्र सिह साउद

(वडा अध्यक्ष) श्री केशव दत्त कलौनी

(वडा अध्यक्ष) श्री धन बहादूर महता

(का.वा. वडा अध्यक्ष) श्री पदम सिह धनाडी

(वडा अध्यक्ष) श्री भरत राम पार्की

(का.पा.सदस्य) श्री धनमती साउद

(का.पा.सदस्य) श्री विमला पार्की

(का.पा.सदस्य) श्री संगिता आउजी

(का.पा.सदस्य) श्री लक्षिमा कुमारी साउद

(का.पा.सदस्य) श्री राजेन्द्र राम दयाल

(का.पा.सदस्य) श्री प्रताप राम तिर्वा

(सदस्य सचिव) श्री नरेन्द्र सिह महता

**कार्यपालिका सहयोगी कर्मचारीः-**

श्री महेश सिह महता (सुचना प्रविधि अधिकृत)

श्री देवराज सापकोटा (लेखा अधिकृत)

प्रस्तावहरु:-

१. नियमित बैठकको समिक्षा सम्बन्धमा ।

२. योजना सम्झौता म्याद थप सम्बन्धमा ।

३. राष्ट्रिय शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।

निर्णय नं. (१) को प्रस्ताव नं. १ माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिकाको अघिल्लो कार्यपालिकाको बैठकमाथि आवश्यक समिक्षा गरियो ।

निर्णय नं. (२) को प्रस्ताव नं. २ माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिकाको चालू आ.व. मा विनियोजित पुँजिगत तर्फका पालिका/वडास्तरीय योजनाहरुको सम्झौता म्याद २०८२ चैत्र मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

निर्णय नं. (३) को प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिकालाई शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च.न. ५१, मिति २०८२/०९/२९ गतेको पत्र बमोजिम श्री नागार्जुन मा.वि. शर्मालीलाई ४ कोठे भवन निर्माणका लागि रु ६० लाख प्राप्त भई आएकोमा उक्त कार्यक्रम कार्यान्वयन गर्न यस गाउँपालिकालाई ढिलो गरी आधिकारीक जानकारी प्राप्त भएको हुँदा सो समयमा योजना कार्यान्वयन गर्न ठेक्का आह्वान लगायतका प्रकृया अगाढी बढाउन तत्कालिन समयमा प्रतिनिधि सभा निर्वाचन, २०८२ को निर्वाचन अंचारसहिताका कारण सूरु गर्न नसकेको र हालको मितिबाट ठेक्का प्रकृया गरी निर्माण गर्दा प्रकृयागत ढिलाई एवम साल बसाली बजेट विनियोजनको समस्या र आगामी आ.व.का लागि बजेट सुनिश्चित भई नसकेको अवस्थामा निर्माण प्रकृयामा हुने सम्भावित ढिला नहुने गरी प्रचलित खरिद कानूनहरुको पालना गर्दै उल्लेखित निर्माण कार्य विद्यालयको अधिकतम लागत सहभागिता सुनिश्चित हुने गरी प्राविधिक शाखाबाट लागत अनुमान तयार गर्न लगाई सम्बन्धित वि.व्य.स.बाटै कार्यान्वयन गर्ने र उल्लेखित योजनाको ४ कोठे भवना निर्माणका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्रलाई ई.स. २०१६ मा तयार गरेको टाईप, डिजान बमोजिम नै कार्यान्वयन गर्ने निर्णय गरियो ।